आज मिति २०८२/०२/२३ गते शुक्रबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीको अध्यक्षतामा तपसिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. समन्वय प्रमुख, श्री गुमान सिं ईस्वो, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री प्रकाशचन्द्र अधिकारी | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री जमुना मगर कार्की | लालीगुराँस नगरपालिका | उप-प्रमुख |
| | श्री मिन प्रसाद दाहाल | म्याङलुङ नगरपालिका | प्रवक्ता |
| | श्री निर्मल ढुंगाना | नेपाली काङ्ग्रेस, तेह्रथुम | जिल्ला सदस्य |
| | श्री सञ्जय ईस्वो | नेकपा एमाले, तेह्रथुम | लेखा कमिटि अध्यक्ष |
| | श्री सुर्य बहादुर घिमिरे | नेकपा माओवादी केन्द्र, तेह्रथुम | प्रतिनिधी |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री प्रधुम्न कार्की | शत्रुमर्दन गुल्म, म्याङलुङ्ग ब्यारेक | सेनानी |
| | श्री किरण प्रकाश खत्री | सशस्त्र प्रहरी बल नेपाल नं. ३ गुल्म हे.क्वा | स.प्र.ना.उ. |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | श्री विशाल लिम्बु | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.नि. |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | डा. सरोज कार्की | जलस्रोत तथा सिँचाई विकास डिभिजन, तेह्रथुम | स.प्र.नि. डि.प्र. |
| | श्री प्रमानन्द मेहता | संघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा | ईन्जिनियर |
| | श्री प्रतिश ढकाल | नेपाःल विद्युत प्रधिकरण, तेह्रथुम | का.प्र. |
| | श्री किशोर कुमार लिम्बु | म्याङलुङ्ग नगरपालिका,तेह्रथुम | प्र.प्र.अ. |
| | श्री बिष्णु प्रसाद आचार्य | फेदाप गाउँपालिका, तेह्रथुम | प्र.प्र.अ. |
| | श्री ठाकुर सेनेहाङ्ग | नेपाल पत्रकार महासंघ, तेह्रथुम | अध्यक्ष |
| | श्री श्रीकृष्ण दाहाल | नेपाल रेडक्रस सोसाईटी, तेह्रथुम | सभापती |
| | श्री बद्रि प्रसाद शाह | डिभिजन वन कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री विनय ज्ञवाली | स्वास्थ्य कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री विशाल राई | कृषि ज्ञान केन्द्र, तेह्रथुम | नि.का.प्र. |
| | श्री तारा कार्की गुरुङ्ग | म्याङलुङ्ग नगरपालिका, तेह्रथुम | वडा अध्यक्ष |
| | श्री महेन्द्र कुमारी खड्का | जिल्ला अस्पताल, तेह्रथुम | सि.अ.हे.ब. अ.न.मी.नि. |
| | श्री सुजता बुढाथोकी | स्वास्थ्य कार्यालय, तेह्रथुम | ज.स्वा.अ. |
| | श्री कृष्ण विदुखी गौतम | नेपाल पत्रकार महासंघ, तेह्रथुम | सचिव |
| | श्री विदुर दाहाल | फेदाप गाउँपालिका, तेह्रथुम | सूचना अधिकृत |
| | श्री विक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री राजिव ढुंगाना | तेह्रथुम उद्योग वाणिज्य संघ | अध्यक्ष |
| | श्री बालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री हरि गोपाल आचार्य | प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना, तेह्रथुम | प्राविधिक सहायक |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री सुनिल सिटौला | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री गोविन्द लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | क.अ. |
| | श्री प्रकाश खनाल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | का.स. |
| | राम बहादुर कुँवर | छथर गा.पा. | प्र.अ. |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## २०८२/०२/२३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकका निर्णयहरूः

१. मिति २०८२।०१।०७ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको कार्यान्वयनको अवस्थाको विषयमा छलफल गरियो।

२. मनसुन, शिलतहर, आगलागी, चटयाङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना, २०८२/८३ तयार गरि पेश भएको कार्ययोजना परिमार्जन सहित स्विकृत गरियो।

३. यहि मिति २०८२।०२।२५ गते ११:०० बजेबाट शत्रुमर्दन गुल्मको नेतृत्व तथा अन्य सुरक्षा निकाय, स्थानीय तह एंव सरोकारवाला निकायहरूको समेत संलग्नतामा विपद् जन्य घटना अभ्यास (Simulation Exercise) खरङ्वा खोला (हलिमेला) मा संचालन गर्ने। उक्त कार्यक्रममा जिल्ला विपंद् व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरू उपस्थित हुने। साथै आम सर्वसाधारणको व्यापक उपस्थितिको लागि स्थानीय तहहरूले आवश्यक सहजीकरण समन्वय गर्ने।

४. लालीगुराँस नगरपालिका वडाँ नं ७ बस्ने जित बहादुर लिम्बुको छोरा देउमान लिम्बुको २०८१/१२/२१ गते अचानक आगलागी भई घरमा रहेका सम्पुर्ण सामान जली नष्ट भएको निज आगलागी पिडितलाई तत्काल बास्ने स्थान नभएकोले अस्थायी आवास निर्माण गर्नको लागि लालीगुरास नगरपालिकाबाट, विपद् बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ दफा ३ बमोजिम लाभग्राही कायम गरी उक्त कार्यविधि अनुसार अनुसुची समेत भरी अनुदानको लागि पठाएकोले निजलाई ऐ.ऐ मापदण्डको दफा ४(१) बमोजिम पहिलो किस्ताको रु २५०००।-(पच्चिस हजार) ऐ.ऐ मापदण्ड २०८१ को दफा ५(१) बमोजिमको कोषबाट अनुदान उपलब्ध गराउने।

५. विकासका कारण सृजना हुनसक्ने विपद्जन्य घटनाहरूबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न विकास आयोजनाहरूले आ-आफ्नो कार्यक्षेत्रमा पर्ने संरचनाहरूको समयमै मर्मत गर्न आवश्यक व्यवस्था मिलाउने। साथै लोकमार्ग अवरोध भएमा तत्काल अवरोध हटाउन आवश्यक सहजिकरण गर्ने।

६. म्याङलुङ नगरपालिका, नगरकार्यपालिकाको च.नं. २०८२ मिति २०८२।०२।२२ को पत्र मार्फत मिति २०८२।०१।१६ गते चटयाङ्गका कारण मृत्य भएका म्याङलुङ नगरपालिका वडा नं. ७ निवासी उज्वल गुरुङको घर परिवारलाई विपद् संवेदनशिल सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम उपलब्ध गराईएको राहत रकम रु. २,००,०००।- (अक्षरेपी दई लाख मात्र) सोधभर्नाको लागि यस समितिमा माग पेश भएको

हुँदा उक्त रकमको सोधभर्ना उपलब्ध गराउने। साथै सोधभर्नाको रकम प्राप्तीको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने।

७. म्याङ्लुङ्ग नगरपालिका वडा नम्बर १ स्थित अस्पताल भवनको पहिरो जोखिम रहेकाले सो जोखिम स्थलगत अनुगमन गरि आवश्यक रोकथामको कार्यका लागि म्याङ्लुङ्ग नगरपालिका, जिल्ला अस्पताल र जलस्रोत तथा सिंचाई विकास डिभिजनले समन्वय गर्ने।

८. विपद् पुर्वतयारीका लागि गृह मन्त्रालय विपद् पुर्वतयारी तथा प्रतिकार्य शाखालाई यस कार्यालयको चलानी नम्बर १८५६ मिति २०८२/०२/०४ गतेको पत्रबाट २०० थान त्रिपाल र २०० थान कम्मल माग गरिएकोमा उक्त सामग्री हालसम्म पनि प्राप्त नभएकाले पुनः माग गर्ने निर्णय गरियो।

९. म्याङलुङ्ग नगरपालिका वडा नं. ७ जिरिखिम्तिमा रहेको जिरिखिम्ति-मोराहाङ्ग सडक खण्डमा पर्ने हिमगंगा गेष्टहाउस अगाडि विद्युतको पोल अव्यवस्थित रहेको कारण सम्भावित विपत हुन नदिन तत्काल त्यसको व्यवस्थापन गर्ने । व्यवस्थापनको लागि सम्बन्धित वडाका वडा अध्यक्ष, विद्युत प्राधिकरण तेह्रथुम वितरण केन्द्र तथा सडक डिभिजन कार्यालय, धनकुटाबीच आपसि समन्वय गर्ने ।

१०. फेदाप गाउँपालिका वडा नं. ४ सम्दुस्थित जाल्पादेवी आधारभूत विद्यालय सम्दुको विद्यालय भवन मिति २०८१।०६।१० र ११ गतेको अविरल वर्षाका कारण पूर्ण रुपमा क्षति भएको र प्रदेश सरकारबाट विद्यालय भवन पुनःनिर्माणका लागि ९,००,०००।-(अक्षरेपी नौं लाख मात्र) बजेट प्राप्त भएकोमा विद्यालय भवन निर्माण कार्य सम्पन्न गर्न उक्त बजेट अपर्याप्त भएकोले भवन पुनःनिर्माणका लागि आवश्यक बजेट उपलब्ध गराईदिनहुन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

११. जल तथा मौसम विभागबाट हुने जल तथा मौसम पुर्वानुमान सतर्कता तथा चेतावनी सम्बन्धी एंव सूचना जिल्ला स्थित कार्यालय, स्थानीय तह, संघ संस्था एंव आम संचार माध्यमबाट समयमै सूचना प्रवाह गरी जोखिम न्यूनीकरण कार्यमा सहयोग पुऱ्याउने।

१२. उपयुक्त सबै कार्यका लागि यस जिल्लामा विपद् क्षेत्रमा काम गर्ने संस्थाले आवश्यक सहजिकरण गर्ने।

२०८२/२/२३